# “बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५”

गाउँ सभाबाट स्वीकृत मिति २०७५/  /

## बराहताल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### कुनाथरी, सुर्खेत

### कर्णाली प्रदेश, नेपाल

**बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५**

## <u>सम्वत् २०७५ सालको ऐन नं.</u>

**<u>बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बराहताल गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१.<u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन बराहताल गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले बराहताल गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले बराहताल गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. <u>नियम बनाउने अधिकार</u> : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बराहताल गाउँकार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियमहरु बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बराहताल गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।